# ३०. डा. माधव भट्टराई

*[संवत् २०५८ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री कृष्णप्रकाश श्रेष्ठलाई र सोही सालको 'मदन पुरस्कार' 'नेपाली कानुन ऐतिहासिक रूपरेखा' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री रेवतीरमण खनाललाई समर्पण गर्न संवत् २०६० साल आश्विन ११ गते रोज १ का दिन आयोजित समारोहमा नायव बडागुरुज्यू डा. माधव भट्टराईले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १७६ बाट उद्धृत गरिएको हो]*

सभापति महोदय, पुरस्कृत महानुभावहरू, उपस्थित महिला तथा सज्जनवृन्द !

आज यस गरिमामण्डित सभामा आफ्नो विचार प्रकट गर्न पाएकोमा प्रसन्नता र गौरवको अनुभव गर्दछु। यस अवसरमा सर्वप्रथम मदन पुरस्कार गुठीकी संस्थापिका स्व. रानी जगदम्बामा आदरपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछु। 'जगदम्बा-श्री'बाट विभूषित साहित्य साधक श्री कृष्णप्रकाश श्रेष्ठ एवं नेपालको ख्यातिप्राप्त 'मदन पुरस्कार' प्राप्त गर्नुहुने विद्वान् श्री रेवतीरमण खनालज्यूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु।

आज मैले विचार प्रस्तुत गर्ने विषय छ- "राष्ट्रवाद।"

'राष्ट्र' शब्दले त्यस्तो पवित्र भावना प्रतिविम्बित गर्दछ, जसले राज्यका समग्र पक्षलाई समेट्छ। प्रत्येक नागरिकको रहन-सहन, सोच-विचार, भेष-भूषामात्र होइन उसको उन्नति, प्रगति, जिम्मेदारी, हिस्सेदारी, ममता, आत्मीयता र संस्कृति-सभ्यतासमेत राष्ट्र र राष्ट्रियतासित आबद्ध भएको हुन्छ। यथार्थमा राष्ट्र र राष्ट्रवासीका माझ अन्योन्याश्रित र अविच्छेद्य सम्बन्ध रहेको हुन्छ।

नेपाली बृहत् शब्दकोशमा राष्ट्र शब्दलाई मुख्य दुई अर्थमा परिभाषित गरिएको पाइन्छ :

*(क) जनता, सरकार तथा सार्वभौमसत्ता सम्पन्न कुनै देश र*

*(ख) एकै देशका एउटै संस्कृति तथा अर्थव्यवस्थामा आबद्ध नागरिक।*

**उल्लेख्य के छ भने राष्ट्र भनेको केवल देश वा मुलुक मात्र होइन, सो देशको नागरिक वा जनता पनि हो। माथिको परिभाषाले धेरै हदसम्म यस कुरालाई प्रस्ट पारेको छ।**

राष्ट्रको पर्याय जस्तै गरी 'राज्य' शब्दको प्रयोग गरिएको पनि पाइन्छ। अमरकोशमा राज्यका ८ अङ्गको उल्लेख पाइन्छ, जसमा राष्ट्र पनि पर्दछ। जस्तै स्वामी (राजा), मन्त्री, मित्र, कोष, राष्ट्र, किल्ला, सेना, जनता राज्यका अष्टाङ्ग हुन् :

*स्वाम्यमात्यसुहृत्कोषराष्ट्रदुर्गबलानि च।*
*राज्याङ्गानि प्रकृतय: पौराणां श्रेणयोऽपि च।।*

कामन्दकीय नीतिमा राज्यका ७ अङ्गको उल्लेख गरिएको छ। जस्तै:

*स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गं कोशो वलं सुहृत्।*
*परस्परोपकारीदं राज्यं सप्ताङ्गमुच्यते।।*

उक्त दुवै ठाउँमा राष्ट्रलाई राज्यको एक अङ्गका रूपमा मानिनुको कारण के हो भने त्यहाँ राष्ट्रलाई देश या मुलुकको पर्यायवाची मानिएको छ। अमरकोशमा राष्ट्रलाई देश नै मानिएको छ। (राष्ट्रोऽस्त्री विषये स्यादुपद्रवे।)

संक्षेपमा अमरकोशदेखि बृहत् नेपाली शब्दकोशसम्मको र व्यवहारमा प्रचलित शाब्दिक प्रयोगलाई समेत विचार गर्दा 'राज्य' शब्द शासनपरक अर्थमा प्रयुक्त हुन्छ भने "राष्ट्र" शब्द संस्कृतिमूलक र भावनापरक रहेको स्पष्ट देख्न सकिन्छ।

"राज दीप्तौ" धातुबाट 'स्ट्रन्' प्रत्यय लगाउँदा 'राष्ट्र' शब्द बन्दछ।

यसले शाब्दिक अर्थअनुसार कुनै चम्किलो वा प्रकाशमान पदार्थको सङ्केत गर्दछ।

तात्पर्य रूपमा के प्रस्ट हुन्छ भने स्वतन्त्र अस्तित्व भएको सभ्यता र संस्कृतिले सम्पन्न, स्थापित मान्यता प्राप्त गरेको, विविधताभित्र समष्टि एकता ग्रहण गरेको ख्यातिप्राप्त त्यस्तो भूखण्ड राष्ट्र हो, जसमा त्यहाँका बासिन्दाको गुण, शील र प्रवृत्तिको सुस्पष्ट परिचय उपलब्ध हुन्छ। राष्ट्रको परिचय प्राप्त हुनासाथ राष्ट्रवादलाई सहजै अर्थ्याउन सकिन्छ। यसको निम्ति फेरि एकपल्ट नेपाली बृहत् शब्दकोशतर्फ दृष्टि लगाऔं। सो कोशका अनुसार "राष्ट्रको उन्नति र हितलाई सर्वोपरि मान्ने सिद्धान्त वा राष्ट्र र राष्ट्रियता प्राप्तिको विशेष भक्ति-भावना"लाई राष्ट्रवाद भनिन्छ।

वास्तवमा, राष्ट्रको अस्तित्व र प्रगतिसँगै आफ्नो अस्तित्व र प्रगतिलाई आत्मसात् गर्दै राष्ट्रप्रति प्रेम, सद्भाव र सुदृढ आस्था राख्ने स्वाभाविक मानवीय प्रवृत्ति नै राष्ट्रवाद हो भन्ने माथिको चर्चाबाट छर्लङ्ग हुन्छ।

पूर्वीय दर्शनको पृष्ठभूमिमा विचार गर्दा मनुष्यको भौतिक देह पृथ्वी, जल, तेज, वायु र आकाशबाट बनेको हुन्छ। साङ्ख्य दर्शनअनुसार मानव-शरीर आकार प्रकारका दृष्टिले नश्वर भए पनि रचना तत्त्वका हिसाबले सदैव विद्यमान रहन्छ। माटो, हावा, पानी आदि मिलेर शरीर बन्छ, त्यो शरीर त्यस रूपमा ढले पनि पञ्चतत्त्वमा परिणत हुँदा सर्वांशमा त्यो नष्ट भएको ठहरिँदैन, रूपान्तरित मात्र भएको मानिन्छ। यस्तै

गरी वृक्षको स्थिति पनि कहिले बीजका रूपमा, कहिले अङ्कुरका रूपमा परिवर्तित हुँदै गएकोले सदैव विद्यमान रहन्छ । सम्पूर्ण दृश्य जगत्‌को अवस्था यस्तै हुन्छ । यसैलाई साङ्ख्य दर्शनमा "सत्कार्यवाद" भनिन्छ । गीतामा यसको व्याख्या यसरी गरिएको छ:

*नासतो विद्यते भावो नाभावो विद्यते सतः ।*
*उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥*

(गीता २/१६)

(असत्‌को सत्ता कहिल्यै हुँदैन र सत्‌को अभाव पनि कदापि हुँदैन, तत्त्वज्ञानीहरूले मात्र सत् र असत्‌को यथार्थ बोध गरेका हुन्छन् ।)

बौद्ध दार्शनिकहरूले यसैलाई ठीक अर्को ढङ्गले विवेचना गरी शून्यवादको स्थापना गरेका हुन् । उनीहरूको विचारमा बीज पनि सत् होइन, वृक्ष पनि सत् होइन । त्यस्तै मानवशरीर पनि सत् होइन, त्यसका कारण तत्त्वहरू पनि सत् होइनन् । सबै क्षणिक हुन्, तत्त्वतः शून्य हुन्, अतएव पूर्वीय दार्शनिक मतमा विचार गर्दा प्रत्यक्ष वा परोक्ष रूपमा राष्ट्र र राष्ट्रवासीमा अभिन्नता सिद्ध गर्न सकिन्छ ।

पञ्चमहाभूतबाट बनेको यो शरीर ढलेपछि तिनै पञ्चमहाभूतमा मिल्न जाने हुँदा मनुष्यले जुन ठाउँमा जन्म लिएको छ त्यसप्रति आत्मीयता हुनु बिलकुल स्वाभाविक छ । यसैकारण तलको यो सूक्ति अत्यन्त लोकप्रिय बन्न पुगेको छ :

*अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते ।*
*जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ॥*

स्वर्गभन्दा पनि जन्मभूमिको महत्ता बढी मानिएकाले नै आफ्नो मातृभूमि अथवा स्वराष्ट्रका लागि असङ्ख्य राष्ट्रवासीहरूले जीवन बलिदान गरेका दृष्टान्त इतिहासका पानामा छरिएर रहेका पाइन्छन् ।

जुन राष्ट्रको परिवेशबाट आफ्नो शरीरको निर्माण र विकास भयो, त्यसको उन्नति, विकास र संरक्षणको खातिर प्रत्येक राष्ट्रवासी सजग र क्रियाशील रहनु तथा राष्ट्रको परम्परा, कला संस्कृति र गौरवको सम्मान गर्नु राष्ट्रवासीको परम कर्तव्य नै हो ।

यसै महिमालाई बुझेका अनुभवी भुक्तभोगीले प्राचीन कालदेखि नै अत्यन्त दुर्लभ पञ्चजकारको चर्चा यसप्रकार गरेका छन्

*जननी जन्मभूमिश्च जाह्नवी च जनार्दनः ।*
*जनकः पञ्चमश्चैव जकाराःपञ्च दुर्लभाः ॥*

*(जननी, जन्मभूमि, जाह्नवी (गङ्गा), जनार्दन र जनक (पिता) यी पाँच जकार दुर्लभ छन् ।)*

राष्ट्रको अथवा जन्मभूमिको महत्ता बुझेर नै राष्ट्रप्रति भावाभिभूत भई प्राचीन ऋषिमुनि र साधुसन्तदेखि लिएर वर्तमान कवि लेखकहरूसम्म पनि राष्ट्रप्रति हार्दिक सम्मान, अतुलनीय प्रेम र अगाध आस्था प्रकट गर्न लालायित भएका देखिन्छन् । यसको प्रथम दृष्टान्त विश्वसाहित्यको प्रथम रचना वेदमा प्राप्त हुन्छ ।

वेदमा कर्म, उपासना र ज्ञानसम्बन्धी विविध पक्षको अत्यन्त महान् र व्यापक निरूपण गरिएको छ। त्यहाँ पृथिवी, अग्नि, जल, वायु, पर्वत, वनस्पति आदि प्राकृतिक सम्पदाको पनि विशद विवेचना गर्दै तिनको महत्ता प्रस्तुत गरिएको छ । वेदले नै पृथ्वीलाई माता र आकाशलाई पिताको गरिमापूर्ण स्थान प्रदान गरेको छ । "द्यौर्मे पिता मे जनिता" (आकाश नै मलाई जन्म दिने पिता हो) "माता भूमिः, पुत्रोऽहं पृथिव्याः" (आमा भूमि हुन्, म उनको छोरो हुँ) "द्यौर्मे पिता पृथ्वी मे माता" (आकाश मेरा पिता हुन्, पृथ्वी मेरी माता हुन्)" । यस्तो उदात्त दृष्टिकोण वैदिक वाङ्मयमा यत्रतत्र पाइन्छ। राष्ट्रियताको मूल स्रोत यही अवधारणालाई मान्न सकिन्छ ।

प्रसङ्गवश केही मन्त्रहरूमा सामान्य रूपमा मात्र होइन, अनेक स्थलमा मिट्ठै सन्दर्भहरू नै राष्ट्रको महिमाले ओतप्रोत छन् । समग्र पृथ्वीसूक्त धर्तीको उदात्त वर्णनले भरिएको छ । यस्तै वाजपेय र राजसूय यागका सन्दर्भमा यजमानलाई वा राजालाई अभिषेक गर्दा उच्चारण गरिने मन्त्रहरूमा राष्ट्रको महिमा विशद रूपमा गाइएको छ ।

राज्यका विविधता र अनेकताका माझ एकता र अखण्डता कायम गर्ने काम राष्ट्रियताले गर्दछ । सबै पक्षको सहअस्तित्व स्वीकार गर्दै सम्मानपूर्वक पारस्परिक सद्भाव राखी समग्र उद्देश्य प्राप्तिका लागि गरिने मेलमिलाप र एकताको भावनालाई राष्ट्रवादले अँगालेको हुन्छ ।

वैदिक साहित्यमा राष्ट्रिय चिन्तनको जुन चर्चा गरिएको छ, त्यसमा प्राकृतिक तत्त्वहरूको पवित्रीकरणको पक्षमा एकातिर सघन भाव प्रकट गरिएको छ भने अर्कातिर राष्ट्र बलियो नभएसम्म राष्ट्रवासीले सुरक्षा र शान्तिको अनुभूति गर्न सक्तैन भन्ने प्रबल धारणा अभिव्यक्त गरिएको छ । राजाप्रति गहिरो आस्था प्रकट गर्दै जनताले शक्ति प्रदान गरेको कारण पनि यही हो ।

अथर्ववेद भन्दछ :

*"ब्रह्मचर्येण तपसा राजा राष्ट्रं सुरक्षति ।"*

*ब्रह्मचर्यरूपी तप (साधना)द्वारा राजाबाट राष्ट्रको सुरक्षा गरिन्छ ।*

शुक्ल यजुर्वेदमा आफ्ना यजमान राजालाई राजसूयाभिषेक चढाउँदै उच्चारण गरिने मन्त्रहरूमा राष्ट्रको गरिमा कसरी बयान गरिएको छ, हेरौं एक उदाहरण :

"वृष्ण ऊर्मिरसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहा ।
वृष्ण ऊर्मिरसि राष्ट्रदा राष्ट्रममुष्मै देहि
वृषसेनोऽसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहा
वृषसेनोऽसि राष्ट्रदा राष्ट्रममुष्मै देहि ।"

(शु. यजुर्वेद १०/२)

यहाँ जलका तरङ्गलाई विभिन्न विशेषणले सम्बोधन गर्दै आफ्ना यजमानलाई राष्ट्रत्व प्रदान गर्न आह्वान गरिएको छ। यस्तै अर्को मन्त्रमा राष्ट्रदायक, बलशाली प्रवाहशील जललाई आफ्ना यजमानको राष्ट्र रक्षा गर्ने लक्ष्य पूरा गर्न शक्ति प्रदान गर्न आह्वान गरिएको छ। जस्तै:

*अर्थेत स्थ राष्ट्रदा राष्ट्रं मे दत्त स्वाहार्थेत स्थ राष्ट्रदा राष्ट्रममुष्मै दत्तौजस्वती स्थ राष्ट्रदा राष्ट्रं मे दत्त स्वाहौजस्वती स्थ राष्ट्रदा राष्ट्रममुष्मै दत्ताप: परिवाहिणी स्थ राष्ट्रदा राष्ट्रं मे दत्त स्वाहाप: परिवाहिणी स्थ राष्ट्रदा राष्ट्रममुष्मै दत्तापां पतिरसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहापां पति- रसि राष्ट्रदा राष्ट्रममुष्मै देह्यपां गर्भोऽसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहापां गर्भोऽसि राष्ट्रदा राष्ट्रममुष्मै देहि ।*

(शु. यजुर्वेद १०/३)

राजकीय अभिषेककै सन्दर्भमा अर्को मन्त्रमा पनि राष्ट्रदायी जीवनप्रद जलधारालाई राष्ट्रका निम्ति तत्पर रहन वारम्बार आह्वान गरिएको छ। शुक्ल यजुर्वेदकै वाजपेय यज्ञको प्रसङ्गमा पनि राष्ट्रको समृद्धि बढाउने, राष्ट्रको शक्ति बढाउने र राष्ट्रका निम्ति जागरुक रहने खाँचो औँल्याइएको छ। "वयं राष्ट्रे जागृयाम पुरोहिता:" (राष्ट्रका निमित्त हामी पुरोहितहरू जागा होऔं) भन्ने अवधारणा राष्ट्रिय हितका पक्षमा कति सशक्त छ, मननीय छ। यहाँ 'पुरोहित' शब्द पनि किन उल्लेख्य छ भने यसले सबैका हितका निम्ति अग्रसर हुने व्यक्तितर्फ सङ्केत गरेको छ। हाल आएर कर्मकाण्ड गराउने व्यक्तिविशेषमा 'पुरोहित' शब्द रूढ बनेको छ। यो बेग्लै कुरा हो।

अथर्ववेदमा राजाको अभिनन्दन गर्ने सिलसिलामा सम्पूर्ण प्रजाको भावना एकीकृत गर्ने र राष्ट्रलाई विनाशवाट जोगाउने अभिलाषा प्रकट गर्दै राजाले राष्ट्रलाई धारण गरी इन्द्रझैं अटल भएर रहन प्रार्थना गरिएको छ। भनिएको छ :

"विशस्त्वा सर्वा वाञ्छन्तुमात्वद्राष्ट्रमधि भ्रशत् ।
इन्द्र इवेह ध्रुवस्तिष्ठेह राष्ट्रमु धारय । ।"

पूर्वीय चिन्तनमा राजालाई राष्ट्रियताको प्रतीक मानिएको छ। यस उक्तिले यस मनाइलाई अरु स्पष्ट पारेको छ

राष्ट्रस्यैतत् कृत्यतमं राज एवाभिषेचनम् ।
अनिन्द्रमबलं राष्ट्रं दस्यवोऽभिभवन्त्युत । ।

(कमजोर राष्ट्रलाई दुष्टले हमला गर्न सक्ने भएकाले राजाको अभिषेक गरी सबल बनाउनु राष्ट्रकै परम कर्तव्य हो ।)

अर्को शब्दमा भन्दा राष्ट्र र राजा परस्पर अभिन्न रूपमा वर्णित भएको पाइन्छ। वैदिक वाङ्मयदेखि लिएर आधुनिक कालसम्मकै साहित्यमा पनि सो चर्चा गरिएको भेटिन्छ।

अथर्ववेदको तृतीय काण्डको राष्ट्रधारण मन्त्र, द्वादश काण्डको भूमि-सूक्त, उन्नाइसौं काण्डको राष्ट्ररक्षा-सम्वन्धी प्रसङ्ग राष्ट्रवादी चिन्तनका उच्चतम नमुना हुन्।

उत्तर वैदिक युगमा पनि राष्ट्रको गुणगान गर्ने प्रवृत्ति निरन्तर रूपमा उपलब्ध हुन्छ। वाल्मीकि रामायण, महाभारत, पुराणहरू, काव्य-महाकाव्यहरू समेतमा राष्ट्र र राष्ट्रजीवनका विविध पक्षहरूको वर्णन गरिएको छ। स्मृतिग्रन्थहरूले राष्ट्रको महत्ताका साथै राष्ट्रका संरक्षक राजाको धर्म र चरित्रमाथि सविस्तार निरूपण गरेका छन् भने कौटिल्यको अर्थशास्त्रमा पनि राष्ट्रसञ्चालनका अनेक पक्षको विश्लेषण गरिएको छ।

महाभारत शान्तिपर्वको राजधर्मानुशासन विवेचनाका प्रसङ्गमा राष्ट्ररक्षा नै राजधर्मको प्रमुख आधार भएको चर्चा गरिएको छ। स्वयं सुरक्षित भई राष्ट्रलाई सुरक्षाको अनुभूति दिलाउने राजालाई नै महान् फल प्राप्त हुने उल्लेख यसप्रकार गरिएको छ :

*यो राष्ट्रमनुगृह्णाति परिरक्षन् स्वयं नृपः।*
*सञ्जातमुपजीवन् स लभते सुमहत् फलम्।।*

(म.भा. शान्तिपर्व ८७/२२)

राजा र राष्ट्रले परस्पर कसरी रक्षा गर्नुपर्दछ भन्ने कुरा तलको उद्धरणले स्पष्ट गर्दछ :

*परस्परं हि संरक्षा राज्ञा राष्ट्रेण चापदि।*
*नित्यमेव हि कर्तव्या एष धर्मः सनातनः।।*
*राजा राष्ट्रं यथापत्सु द्रव्यौघैरपि रक्षति।*
*राष्ट्रेण राजा व्यसने रक्षितव्यस्तथा भवेत्।।*

(महाभारत शान्तिपर्व १३०/३०-३१)

वास्तवमा राष्ट्रको परिकल्पना र राजाको स्थापना मानव सभ्यताको प्रारम्भिक कालमा जनसमाजबाट गरिएको हो। यसो गर्नुको प्रमुख कारण समष्टि शक्तिका बलमा व्यक्तिको शान्ति, सुरक्षा र हित कायम गर्नु रहेको पाइन्छ। प्राचीन वाङ्मय र शास्त्रहरूले राजसंस्थालाई यति धेरै महत्त्व दिनाको पछाडि यही रहस्य लुकेको छ। वास्तवमा राजाको सम्मान राष्ट्रकै सम्मान हो भन्ने कुरामा विवाद गर्ने ठाउँ छैन।

राष्ट्रभित्रका नदी तलाउ, पाखापखेरा, नगरगाउँ, वन-जङ्गल, वीरपुरुष र विशिष्ट व्यक्तिहरू एवं प्राकृतिक, सांस्कृतिक सम्पदाहरूको गुण, गौरवको बखान गर्नु

राष्ट्रप्रतिको आस्था हो। त्यसैले प्राकृतिक सौन्दर्यको वर्णन गरी काव्यसाहित्यको रचना गर्नु पनि राष्ट्रिय सम्मान अभिव्यक्त गर्नु हो। यस मानेमा संस्कृतसाहित्यको उल्लेख्य वैशिष्ट्य नै राष्ट्रियता हो भन्ने स्पष्ट हुन्छ। यस दृष्टिले विचार गर्दा राष्ट्रिय चिन्तन गर्ने संस्कृत कविहरूको सूची अत्यन्त लामो र तिनका रचनाको विश्लेषण नितान्त गहन र सुविस्तृत हुने निश्चय छ।

नेपाल माताका सन्तति वाङ्मयका साधक कवि-लेखकहरू पनि राष्ट्रिय चिन्तनप्रति अत्यन्त सचेष्ट छन्।

उक्त सन्दर्भमा हालसम्म प्राप्त लिच्छविकालिक अभिलेखहरू सबै संस्कृतमा भएका र तिनमा राष्ट्रिय विचारधारा अनवरत प्रवाहित भएको देख्न सकिन्छ।

राजा मानदेवको चाँगुनारायण अभिलेखलगायत सबैजसोले तात्कालिक राज्यस्थिति, राजाहरू, मठ-मन्दिर, धर्म, संस्कृति आदि विषयमा केन्द्रित भई राष्ट्रिय भावना प्रतिविम्बित गरेका छन्।

मल्लकालीन र शाहकालीन अभिलेखहरू एवं काव्यकविताहरू पनि राष्ट्रवादी परिवेशमा तयार भएका छन्। श्री ५ रणबहादुर शाहको राज्यकालमा श्री बहादुर शाहको नेतृत्वमा नेपाल अधिराज्यको विकास र विस्तार भइरहेको समयमा राष्ट्रिय उत्कर्षलाई महत्त्व दिई लेखिएको शक्तिवल्लभ अर्यालको जयरत्नाकर नाटकमा राष्ट्रप्रेमको उदात्त भावना खुबै सल्बलाएको पाइन्छ। हेरौँ त्यसको एक नमुना :

*यत्रोच्चैः सप्त धारा हिमगिरिकुहरात् कौशिकीनां वहन्ति*
*यत्रोच्चैः सप्तधारा हिमगिरिकुहराद् गण्डकीनां वहन्ति।*
*पार्वत्याः स्वेदभूता मुनिगणनिवहैः सेव्यमानाः समन्ताद्।*
*यत्रास्ते नीलकण्ठो जगति सुविदितः सैष नेपालदेशः।।*

(जयरत्नाकरनाटकम्– ६/३१)

महेन्द्रोदय नामक संस्कृतमहाकाव्यका रचयिता कवि भरतराज शर्माले नेपालको प्राकृतिक सौन्दर्यलाई मुक्तकण्ठले यसप्रकार प्रशंसा गरेका छन्:

*कौवेर्याः दिशि बिभ्रती हिममयी भूषाभिवागावलिं*
*मध्ये शैलनितम्बिनी गिरिसरिन्मार्गैर्विभक्ताकृतिम्।*
*अन्त्ये चारुसमस्थली वनमयैर्नीलाम्बरै राजितां*
*रम्यां सूक्ष्मविभाविताां निजभुवं सोऽपश्यदाकाशतः।।*

(महेन्द्रोदयम्– ५/३८)

संस्कृतका अर्का महाकवि प्राध्यापक हरिप्रसाद शर्मा आचार्यले हिन्दू अधिराज्य नेपालको उच्च विशेषतालाई स्व. श्री ५ महेन्द्रको चरित्र चित्रण गर्ने सन्दर्भमा यसप्रकार वर्णन गरेको पाइन्छ :

*नृपो हिन्दूराष्ट्रं निजनवविधाने यदघुपत्*
*प्रतीकं हिन्दूनामधिजगदतो राष्ट्रमधुना ।*
*इदं, हिन्दूसम्राडिति नृपमहेन्द्रः सुचरितो*
*विभात्यन्ताराष्ट्रं नृपवचनचर्चा प्रचलति । ।*

(गोरक्षशाहवंश- २०/३१)

यसैगरी नेपालसाम्राज्योदय नामक १५ सर्गीय संस्कृत महाकाव्यका प्रणेता पशुपति झाले प्रारम्भदेखि नै नेपालको राष्ट्रिय गौरव र प्राकृतिक सौन्दर्यको वर्णन गरेको देखिन्छ । सो महाकाव्यको प्रथम सर्गको प्रथम श्लोकले नै राष्ट्रिय महिमा दर्साउन सक्तछ; जस्तै :

*सर्वतन्त्रस्वतन्त्रो यो नानागिरिविभूषितः ।*
*अरण्यानीसमायुक्तः स्रवन्तीनिर्झरान्वितः । ।*

मैले आफूले सत्यसाईचरितम् संस्कृतमहाकाव्यमा नेपाल राष्ट्रको महिमामाथि यसरी प्रकाश पारेको छु :

*लोकस्यार्थे प्रियतमनुर्यन्मृदा निर्मिता मे*
*यत्तोय मेऽवयवरुधिरं स्नेहतो यन्निपीतम् ।*
*यत्क्रोडे मे मधुरशिशुता क्रीडतो यापिताभूत् ।*
*नेपालाख्या प्रकृतिरमणी राजते मातृभूर्मे । ।*

(सत्यसाईचरितम् १५/५०)

नेपाली कविताको उदय नै राष्ट्रियता र वीरताको पावन प्रसङ्गबाट भएको छ। संस्कृत काव्य र हिन्दीकाव्यको प्रारम्भ जहाँ करुणा र वेदनाबाट भएको छ, त्यहाँ नेपाली काव्यधाराको मूलस्रोत राष्ट्रियताबाट प्रवाहित हुनु नेपाली वीरहरूको चारित्रिक विशेषताअनुरूप नै मान्नुपर्दछ ।

आरम्भकालीन नेपाली कविहरू सुवानन्द दास, शक्तिवल्लभ अर्याल, उदयानन्द अर्यालले थालनी गरेको राष्ट्रिय भावधारालाई वर्तमान समयसम्मका कविहरूले पनि अनुसरण गर्दै आएका छन् । यस सन्दर्भमा विचार गर्दा "यति दिनपछि मैले आज बालाजि देख्याँ, पृथिवितलभरीमा स्वर्ग हो जानि लेख्याँ" भन्ने आदिकवि भानुभक्त आचार्य, "अचल्, झण्डा फर्कोस् फरफर भई कान्तिपुरमा, रिपूको मन् थर्कोस् थरहर भई छीनभरिमा" भन्ने युवा कवि मोतीराम भट्ट, "देशभक्ति त मर्दैन चुत्थै देश भए पनि" भनी उद्घोष गर्ने कवि बालकृष्ण सम, "आफ्नो मातृभूमिजस्तो ठूलो चीज दुनियाँमा केही हुँदैन" भनी "के नेपाल सानो छ ?" मा घोषणा गर्ने महाकवि लक्ष्मीप्रसाद देवकोटा, गद्य र पद्य कविताका माध्यमले देशप्रेमको चिन्तन गर्ने कवि बदरीनाथ भट्टराई जस्ता प्रकाण्ड साहित्यकारहरूको योगदान महत्त्वपूर्ण रहेको छ । प्रत्येकको उदाहरण दिँदै जाने हो भने एउटा स्वतन्त्र कृति तयार हुन जानेछ ।

कविवर माधव घिमिरेले पृथ्वीसूक्तबाट प्रभावित भई एकातिर धर्तीमाता काव्यको रचना गर्नुभएको छ भने अर्कातिर नेपाल राष्ट्रको एकता, अखण्डता र सबलता प्रतिपादन गर्दै "राष्ट्र-निर्माता" मौलिक खण्डकाव्यको रचना गर्नुभएको छ । नेपाल राष्ट्रका निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको भनाइबाट कवि घिमिरेले राष्ट्रनिर्माणमा हुने कष्ट र अखण्ड राष्ट्रको महत्ता राष्ट्र निर्माता खण्डकाव्यमा यसप्रकार दर्साउनुभएको छ

*अस्पष्ट जो आज छ, भोलि प्रस्ट*
*यो राष्ट्र रच्दा जुन हुन्छ कष्ट ।*
*नहोस् त्यही सन्ततिलाइ पत्ता*
*मलाइ ता त्यै सुख, त्यै महत्ता ।।*

कवि सिद्धिचरण श्रेष्ठले जन्मभूमिको आस्था र महत्ताकै कारण ओखलढुङ्गा जस्तो सुन्दर कविता लेखे भने कवि गोपालप्रसाद रिमालले "रातो र चन्द्र सूर्य" जस्तो कविताबाट राष्ट्रवादी भावना अभिव्यक्त गरे । कवि अगमसिंह गिरीले प्रवासबाट पनि राष्ट्रियताको शङ्खघोष गर्न छाडेनन् ।

"म मरे पनि मेरो देश बाँचिरहोस्" भन्ने कवि म.वी.वि. शाहको काव्यात्मक राष्ट्रवादी भावना सदैव अजरामर बनेको छ ।

केही साहित्यकारहरूको राष्ट्रवादी स्वरको चर्चा यहाँ गरियो। पृथक् अध्ययनको विषय भएकाले यहाँ दिग्दर्शन मात्र गराइएको हो । कवि-लेखकहरूले राष्ट्रप्रति आस्था पोखेर आफ्नो स्वाभिमान व्यक्त गर्ने र यसबाट जन्मभूमिको ऋणको केही अंश चुक्ता गर्ने काम भएको अनुभव हुन्छ ।

ऋषिमुनिहरूको चिन्तन र दृष्टिकोण कुनै सामान्य सोच होइन । दीर्घ साधना र परिपक्व अनुभूतिको सशक्त उपलब्धि हो । त्यस्तै, इतिहासका अनगिन्ती साधक, विचारक एवं भुक्तयोगी मर्मज्ञ विशिष्ट व्यक्तिहरू र कविहरूको अनुभव पनि चानचुने छैन । सबैले राष्ट्रको सबलीकरणका पक्षमा चिन्तन प्रस्तुत गरेका छन् । तसर्थ राष्ट्रवादी चिन्तनलाई साकार स्वरूप प्रदान गर्नु समयको माग हो ।

अहिले राष्ट्रभित्र देखापरेका अनेक समस्या उदार राष्ट्रिय दृष्टिकोणको कमी र नितान्त वैयक्तिक सीमित स्वार्थान्धताको कारणले उत्पन्न भएका हुन् । यसको समाधानका निमित्त प्रत्येक नागरिकका बीच पारस्परिक सौहार्द र प्रेमको भावना विकास गरी आत्मिक शान्ति र भौतिक विकास गर्न राष्ट्रवादको मजबुत सूत्रमा आबद्ध हुनै पर्दछ ।

शान्ति प्रत्येक व्यक्तिको अपेक्षित आवश्यकता हो जसको अभाव आज पाइला-पाइलामा खड्किरहेको छ । शान्तिका निम्ति मानवको निरन्तर प्रयास रहँदै आएको हो र बेलाबखत अशान्तिले उतिखेर पनि मानिसलाई पिरोलिरहेको तथ्य इतिहासले सिद्ध गरेको छ । "द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्ति...." को मन्त्र जप गर्दै

धर्ती, अन्तरिक्ष, जलाशय आदि सर्वत्र शान्तिको कामना गर्नुपरेको पनि कुनै बेलाको अशान्तिको पीडाले नै हो ।

प्रकृतिका हरेक पदार्थलाई प्रकृतिकै नियममा रहेर संरक्षण गर्ने निर्देश हाम्रा पूर्वजहरूले हामीलाई दिएका छन् किनभने प्रकृति र मानवको तादात्म्य सम्बन्ध छ। प्रकृतिको सही ढङ्गले संरक्षण नगर्नाले नै प्रकृति-प्रकोप हुन्छ ।

बाढी आउने, पहिरो जाने, रूख ढल्ने, वर्षा ठीकसँग नहुने, आगलागी हुने जस्ता कार्यहरू मानव र प्रकृतिबीचको अनुचित व्यवहारले गर्दा हुन्छन् । त्यसैले पुर्खाहरूले सबभन्दा बढी अक्सिजन हुने वनस्पति तुलसीका बिरुवा घर-घरमा रोप्ने, अत्यन्त सबल र लाभप्रद विशाल वृक्ष वर-पीपललाई सार्वजनिक बाटोघाटोमा रोपेर हुर्काउने, नदीनालाहरूलाई सदैव स्वच्छ र सुन्दर राख्ने, वनजङ्गललाई सुरक्षित राख्ने, मठ-मन्दिर सार्वजनिक स्थलमा हानि हुन नदिने जस्ता कार्य गर्ने परम्परा बसालेका थिए ।

प्रेम, परोपकार, सेवा, मानवीय सद्भावको विकास जस्ता हाम्रा सामाजिक मूल्यहरूको पालन गर्न सके राष्ट्रिय भावनाको अभिवृद्धि हुन्छ । यसरी विचार गर्दा राष्ट्रियतासँग मानवीय र सामाजिक मूल्य मान्यताको अन्तरसम्बन्ध रहेको देखिन्छ ।

राष्ट्रको नागरिक व्यक्ति रूप हो भने ती नागरिकहरूको समष्टि स्वरूप राष्ट्र हो । राष्ट्रमा पैदा भएको नागरिक राष्ट्रप्रति बफादार हुने हो भने राष्ट्रका ठूला समस्याको समाधान गर्न सजिलो पर्छ । राष्ट्रप्रतिको जिम्मेवारीको अभाव नै विभिन्न विसङ्गतिहरूको जड हो । राष्ट्रप्रति जिम्मेवारी नदेखाउने वा निरपेक्ष रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै राष्ट्रिय भावनाको सशक्तीकरण गर्न समाजका अग्रणीहरूले ध्यान दिनुपर्ने हुन्छ। तर आज यसमा पनि उदासीनता देखिन लागेको छ। अर्को प्रमुख पक्ष हो– शिक्षा। शिक्षामा पनि हामीकहाँ राष्ट्रिय भावनाको अभिवृद्धि गराउने पाठ्यसामग्रीको अपर्याप्तता छ। शिक्षा क्षेत्रमा लागेकाहरूले यसमा समयमै दृष्टि पुऱ्याउन सक्नुपर्दछ, अन्यथा नेपाली राष्ट्रियताको चिन्तनधारा समृद्ध हुन कठिन देखिन्छ ।

माथि राष्ट्रियताको भावना साहित्यमा कसरी प्रतिविम्बित भएको छ भन्ने एक झलक प्रस्तुत गरियो। यसको स्वतन्त्र अनुशीलन गर्ने हो भने बृहत् ग्रन्थ नै तयार हुन्छ। झट्ट सम्झनामा आएको छोटो टिपोट मात्र हो यो। ऋग्वेददेखि आजसम्म पनि राष्ट्रवादी चिन्तनको परम्परा निरन्तर प्रचलित हुँदै आएको छ भन्ने सङ्केत यसले गर्दछ र सशक्त राष्ट्रको सपना देख्नेहरूले यसलाई टेवा दिनै पर्दछ भन्ने दृष्टिकोण यहाँ राख्न खोजिएको हो ।

अन्तमा आफ्नो भावना व्यक्त गर्ने अवसर दिएकोमा मदन पुरस्कार गुठीलाई हार्दिक धन्यवाद ज्ञापनका साथै पुरस्कारबाट सम्मानित महानुभावहरूलाई पुनः हार्दिक बधाई ज्ञापन गर्दछु ।

⊠ ⊠ ⊠